स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



विपिन कार्की र मिरुना मगरको शीर्ष भूमिका रहेको फिल्म 'ऊनको स्वीटर'को मर्मस्पर्शी ट्रेलर युट्युबमा सार्वजनिक भएको छ। मंगलबार आयोजित पत्रकार सम्मेलनमा निर्माताले झण्डै ४ मिनेटको ट्रेलर सार्वजनिक गरे। लेककी गुरुङसेनी युवती र औलको काफ्ले ब्राम्हण युवकबीचको 'सरल र सहज' प्रेम सम्बन्ध र त्यसबीचमा आउने जातीय अन्तर्विरोधको कथा यसमा छ।

**आजको विचार...**



गर्मी....

(दुई पेजमा)

प्रकाश रेग्मी



रिलिज भएको २४ घण्टा नबित्दै सुशान्त केसीको गीत 'बार्दली'को हिन्दी भर्सन 'उफ्' युट्युबको नेपाल, भारत, बेलायत, अस्ट्रेलियासहितका मुलुकको ट्रेन्डिङमा समावेश भएकोछ । मंगलबार अस्ट्रेलियामा युट्युबको संगीत खण्डतर्फ शीर्षस्थानमा छ ।

**जन्मदर्ता गर्न आवश्यक कागजात**

- आमा वा बाबुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- सूचकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- स्वास्थ्य संस्था/अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाण,
- घरमा जन्म भएको हकमा खोप कार्ड,
- बाबु बेपत्ता वा ठेगाना थाहा नभएको भए सोसम्बन्धी प्रहरी प्रतिवेदन ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

❒ वर्ष ३० ❒ अंक २७४ ❒ २०८२ वैशाख १७ गते बुधबार 30 April 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

**संक्षिप्त समाचार**

## पाकिस्तानको पक्षमा टर्की

**काठमाडौं, वैशाख १६**/ पछिल्लो समय बढिरहेको भारत र पाकिस्तानको तनावबारे टर्कीले आफ्नो धारणा सार्वजनिक गरेको छ । टर्कीका राष्ट्रपति तैयप एर्दोगानले विज्ञप्ति जारी गरी दुवै देशलाई तनाव कम गर्न आह्वान गरेका छन् । साथै उनले आफ्नो समर्थन पाकिस्तानलाई रहेको घोषणा पनि गरे ।

पहलगाम आतंकवादी हमलापछि पाकिस्तान र भारतबीच तनाव बढेको छ । उक्त घटनापछि पाकिस्तानले कुनै पनि बेला भारतले सैन्य आक्रमण गर्न सक्ने आशंकासमेत व्यक्त गरिसकेको छ । यस्तो अवस्थामा विश्वभरबाट दुवै देशलाई संयम अपनाउन अपिल गरिएको छ । टर्कीका राष्ट्रपति एर्दोगानले सोमबार राजधानी अंकारामा भने, 'पाकिस्तानी प्रधानमन्त्री शाहबाज शरिफले हालै हाम्रो देशको भ्रमण गरेका छन् । यस क्रममा हामीले पाकिस्तानसँग रक्षा र व्यापारका साथै बहुआयामिक सम्बन्धबारे छलफल गर्‍यौं । यो समय सम्पूर्ण क्षेत्रको विकासका लागि निकै महत्वपूर्ण छ । हामी हाम्रो क्षेत्रमा वा बाहिर कुनै नयाँ द्वन्द्व चाहँदैनौं । हामी आशा गर्दछौं 'पाकिस्तान र भारतबीच कुनै गम्भीर घटना हुनुअघि तनाव कम हुनेछ । हामी पनि पाकिस्तानी जनतालाई हाम्रो बलियो समर्थन दोहोर्‍याउँछौं ।'

# तानसेनमा 'विद्यालमा आधारित विपद् जोखिम न्यूनिकरण स्रोत केन्द्र' सञ्चालनका लागि त्रिपक्षीय सम्झौता

**रामचन्द्र रायमाझी**

**पाल्पा, वैशाख १६**/जिल्लाको तानसेनमा पहिलो पटक 'विद्यालयमा आधारित विपद् जोखिम न्यूनिकरण स्रोत केन्द्र' सञ्चालनमा ल्याइने भएको छ । तानसेन नगरपालिका र विभिन्न दातृ निकायको सहयोगमा तानसेन -३ भगवतीटोलस्थित पद्मम पब्लिक माध्यमिक विद्यालयमा केन्द्र सञ्चालन गर्न लागिएको हो ।

केन्द्र सञ्चालनका लागि मंगलबार त्रिपक्षीय सम्झौता भएको छ । तानसेन नगरपालिका, डिजास्टर एजुकेशन प्रोमोशन अफिस ललितपुर र सिनेट प्लस आर्टस सेन्टर फर क्रियाटिभ पार्टनरसिप डिजाइन एण्ड क्रियाटिभ सेन्टर, कोवे जापानबिच केन्द्र सञ्चालनका लागि सम्झौता भएको हो । विपद्का घटनाहरु घट्न नदिन र घटी हाले त्यसबाट हुने क्षति कम गर्ने उद्देश्यले विद्यालयमा विपद् जोखिम न्यूनिकरण स्रोत केन्द्र सञ्चालन हुन लागेको हो । जसका लागि पहिलो पक्षको तर्फबाट तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठ, दोस्रो





पक्षकोतर्फबाट डिजास्टर एजुकेशन प्रोमोशनका अध्यक्ष दीपक मरहट्ठा र सनेट प्लस आर्टस् सेन्टर फर क्रियाटिभ पार्टनरसिप डिजाइन एण्ड क्रियाटिभ सेन्टरका कार्यकारी निर्देशक केन्द्र हिराटाबिच भर्चुअल प्रविधिमार्फत २३ बुँदे सम्झौता पत्रमा हस्ताक्षर भएको छ । नेपाल विपद्को उच्च जोखिममा रहेकाले त्यसबाट हुने क्षति न्यूनिकरणसँगै विपद्का घटनाहरु हुन नदिन विद्यालयस्तरमा स्रोत केन्द्र सञ्चालन गर्न लागिएको नगर प्रमुख सन्तोषलाल श्रेष्ठले बताए । उनले विद्यालय तहका विद्यार्थीहरुलाई विपद् जोखिमका बारेमा सिकाई परिवार र समुदायमा समेत सचेतना पुग्ने भएकाले विद्यालयमा स्रोत केन्द्र नै सञ्चालन गर्न लागिएको बताए । मेयर श्रेष्ठले नगरभित्रका सामुदायिक विद्यालयहरु मध्येबाट पद्मम पब्लिक माविलाई छनोट गरिएको जानकारी दिए । उनले एक महिनाभित्र कानुन निर्माण गरी केन्द्र सञ्चालनमा ल्याउने उल्लेख गरे । जिल्लाका सरोकारवालाहरुको उपस्थितिमा सम्झौता गरिएको हो । सम्झौता कार्यक्रममा डिजास्टर एजुकेशन प्रोमोशनका अध्यक्ष दीपक मरहट्ठा र सनेट प्लस आर्टस् सेन्टर फर क्रियाटिभ पार्टनरसिप डिजाइन एण्ड क्रियाटिभ सेन्टरका कार्यकारी निर्देशक केन्द्र हिराटाले सम्झौतामा भएका कुराहरु अक्षरांश पालना गरी अगाडि बढ्ने बताए ।

नगरपालिकाकी उपप्रमुख प्रतिक्षा सिंजाली, पाल्पाका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदी, पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेना लगायतले तानसेनमा विपद् जोखिम न्यनिकरण स्रोत केन्द्र स्थापना हुनु सकारात्मक भएको भन्दै सम्झौता अनुसार काम गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत पिताम्वर पाण्डे, सहकारी शाखा प्रमुख विष्णु पौडेल, शिक्षा शाखा प्रमुख कोपिला न्यौपाने लगायतले त्रिपक्षी रुपमा भएका सम्झौतालाई नगरपालिकाले अक्षरांसा पालन गरेर जाने बताए । केन्द्रबाट जोखिम न्यूनिकरण सम्बन्धी तालिम, अन्तर्क्रिया, प्रयोगात्मक अभ्यास, विपद् सम्बन्धी तस्वीरहरुको अवलोकन गरिने छ ।

# प्रतिनिधिसभाबाट भन्सार विधेयक पारित



**पाल्पा,** वैशाख १६/प्रतिनिधिसभाबाट भन्सार विधेयक पारित भएको छ । मंगलबार बसेको प्रतिनिधिसभाको बैठकले उक्त विधेयक पारित गरेको हो ।

बैंठकमा उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले भन्सार विधेयक पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए । यो विधेयक अघिल्लो सरकारले ल्याएको थियो । तत्कालीन अर्थमन्त्री प्रकाश शरण महतले १८ असोज २०८० मा प्रतिनिधिसभामा यो विधेयक दर्ता गरेका थिए । यो विधेयक दफावार छलफलका लागि प्रतिनिधिसभा अन्तर्गतको अर्थ समितिमा १८ चैत २०८० मा पुगेको थियो । अर्थ समितिबाट पारित भएर १४ वैशाख २०८१ मा सभामा गएको थियो । यो विधेयक अब राष्ट्रिय सभामा लगिने छ । राष्ट्रिय सभाले पारित गरेपछि पुनः प्रतिनिधिसभामा आउने छ । सभामुख हुँदै राष्ट्रपतिकहाँ पुग्ने यो विधेयकलाई राष्ट्रपतिले प्रमाणीकरण गरेपछि ऐनको रुपमा कार्यान्वयनमा आउनेछ । विधेयकले नेपालको भन्सार प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्डको बनाउन आधार प्रदान गर्ने सांसदहरुले विश्वास व्यक्त गरेका छन् । **-बाँकी अन्तिम पेजमा...**

# नारायणगढ-बुटवल सडकको अवरोध अझै हटेन वैशाखभरी नै सवारी आवागमन बन्द रहने

**नवलपरासी,** वैशाख १६/नारायणगढ-बुटवल सडकअन्तर्गतको दाउन्ने क्षेत्रमा सडक विस्तारका लागि थप आगामी वैशाख ३१ गतेसम्म सवारी आवागमन बन्द गरेर काम गरिने भएको छ । यसअघि यही वैशाख १५ गतेसम्म राति ११:०० बजेदेखि बिहान ५:०० बजेसम्म सवारी सञ्चालनमा रोक लगाएर सडक विस्तारको काम गरिएकामा त्यसलाई वैशाख ३१ गतेसम्म निरन्तरता दिइने भएको हो ।



नवलरासी (बर्दघाट सुस्तापूर्व)का प्रमुख जिल्ला अधिकारी भविश्वर पाण्डेका अनुसार दाउन्ने क्षेत्रमा निर्माणकार्य थप केही दिन निरन्तर रहने भएकाले आगामी वैशाख ३१ गतेसम्म प्रत्येक दिन राति ११:०० देखि भोलिपल्ट बिहान ५:०० बजेसम्म आवागमन बन्द गरिने भएको हो । "दाउन्ने खण्डमा आवश्यक सडक मर्मतसम्भार र निर्माणकार्य गर्नेगरी रातको समयमा सवारीसाधन सञ्चालन रोकी निर्माणकार्यलाई अहिले तीव्रता दिइएको छ", उनले भने, "सो खण्डमा भित्तातर्फ कटिङ गर्न बाँकी रहेको कामलाई वर्षाअगावै सम्पन्न गर्नका निम्ति थप केही दिन आवागमन बन्द गरेर काम गर्ने निर्णय गरिएको छ ।" यसअघि दाउन्ने सडकखण्डमा चैत २७ देखि चैत ३१ गतेसम्म दिनको ११:०० देखि ३:०० बजेसम्म र २०८२ वैशाख १ गतेदेखि रातिको ११:०० देखि बिहान ५:०० बजेसम्म अत्यावश्यकबाहेकका सवारी सञ्चालनमा रोक लगाएर सडक विस्तारको काम भइरहेको छ । अहिले दाउन्ने खण्डमा पहाड काट्ने, पर्खाल लगाउने र कल्भर्ट निर्माणको काम भइरहेको पूर्वी खण्डका सूचना अधिकारी इन्जिनियर शिव खनालले बताए । नारायणगढ-बुटवल सडकको एक सय १४ किलोमिटरअन्तर्गत गैंडाकोटबाट दाउन्नेसम्मको ६५ किलोमिटरमध्ये बजार क्षेत्रमा सर्भिस लेनसहित छ र जोखिम बढी रहेको क्षेत्र मानिने दाउन्नेको १४ किलोमिटर खण्डमा तीन लेनको सडक विस्तारको काम चलिरहेको छ । १७ अर्ब लागतमा सडक निर्माणको ठेक्का पाएको चाइना स्टेट इन्जिनियरिङ कर्पोरेसनले हालसम्म तीनपटक म्याद थपिसकेको छ । निर्धारित समयमा काम सम्पन्न नभएपछि तेस्रोपटक थप भएको म्याद २०८२ साउन ८ गतेसम्म रहेको छ । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## शिक्षा, स्वास्थ्य अधिकार र आन्दोलन

**नेपालमा आन्दोलनको महौलले निकै चर्चा पाइरहेको छ । आन्दोलन आफैमा असन्तुष्टीलाई सन्तुष्टिको मार्गतर्फ अग्रसर गराउने महत्वपूर्ण माध्यम पनि हो तर त्यसको आवश्यकता र औचित्यलाई कसरी बुझ्ने भन्ने विषय महत्वपूर्ण छ । मुलुकमा अहिले शिक्षक, चिकित्सक लगायत विभिन्न पेशा र व्यवसायसँग आवद्ध हुनेहरु प्रायः आन्दोलनमा व्यस्त देखिएका छन् । आन्दोलनले निकास दिन्छ, अन्यथा निकास र समस्याहरुका विषयमा सुनवाई नै हुँदैन भन्ने सोंचलाई न्युनिकरण गर्नेतर्फ कसैको पनि ध्यान जान सकेको छैन् । राजनैतिक व्यवस्था परिवर्तनका लागि हुने गरेका आन्दोलन र संघर्षबाट प्राप्त नयाँ व्यवस्थाले आफुहरु आन्दोलित हुँदा साथ लिएको बदलामा के दियो ? कसरी सम्बोधन गर्दै छ ? भन्ने विषय अत्यन्तै महत्वपूर्ण पक्ष हो । शिक्षकका पेशाको ग्यारेण्टी गर्ने सोंचका साथ शुरु भएको शिक्षक आन्दोलनले महिना दिन वित्नै लाग्दा पनि निकास नपाउनु आफैमा अत्यन्त्यै दुर्भाग्यपूर्ण अवस्था हो । एउटा आन्दोलन नसकिदै फेरी चिकित्सकहरुले समेत प्रर्दशन र आन्दोलनलाई अगाडि बढाएका कारण मुलुकको शिक्षा, स्वास्थ्य क्षेत्र अहिले थला परेको अवस्थामा छ ।**

**सरकारलाई दवाब दिने स्वरुपका आन्दोलन गरी रहँदा देश र जनताका न्यूनतम अधिकारहरुको हनन् नहोस् भन्नेतर्फ पनि सबैले ध्यान दिनुपर्ने देखिन्छ । समस्याहरुको पहिचानका लागि हुने आन्दोलन र संघर्षहरुले मुलुकमै दीगो समस्याहरुको प्रार्दुभावलाई बढावा दिने काम कदापी उपयुक्त हुन सक्दैनन् । समस्याको समाधानका लागि दिईने हरेक दवाब र आन्दोलनबाट निकास निस्कने खालका परिणामुखी सोंचको परिकल्पना पनि आवश्यक छ । यदि त्यसो गरिएन भने आन्दोलनबाट प्राप्त हुने उपलब्धीसँगै समाधान नै गर्न नसकिने खालका क्षति पनि हुने खतराप्रति शिक्षक र चिकित्सकहरुले ध्यान दिन जरुरी छ । पेशा व्यवसाय आफैमा पनि सेवादायी अभियान पनि हुन । त्यसमा विश्वव्यापी मानव अधिकारका न्यूनत्तम मूल्य र मान्यता पनि गाँसिएका हुन्छन् । त्यस कारण पनि आफ्नो अधिकारको माग गरी रहँदा बालबालिकाका पढ्न र सिक्न पाउँने अधिकारको पनि रक्षा गर्नु हामी सबैको दायित्व हो । त्यस्तै चिकित्सकहरुबाट प्राप्त सेवालाई निरन्तरतामा क्रम भङ्ग हुनु भनेको पनि समयमा उपचार पाउँने नागरिकका अधिकारहरुप्रति वेवास्ता भएको भन्ने कुरालाई आधारभुत मूल्य र मान्यतालाई प्राथमिकता दिएको मान्न सकिन्छ । त्यस कारण सरकार, अनि आन्दोलनरत पक्ष सबैले आ–आफ्ना दायित्व र जिम्मेवारीलाई बोध गरेर अगाडि बढ्नु नै आजको आवश्यकता हो, भन्ने कुरा बुझ्नु नै सबै भन्दा उत्तम उपाय हो । यदि त्यसो भएन भने देशले असल, सक्षम र स्वास्थ्य नागरिकको अभावमा बाच्नुपर्ने बाध्यता बाहेक केही पनि हुन सक्दैन ।**

### Opinion @ Social Network

समय, शक्ति, सम्पत्ति र शरीरले सधैं साथ दिन सक्दैन
तर स्वभाव समझदारी र सच्चा सम्बन्धले सधै साथ दिन्छ।
*(माया थारुको फेसबुक स्टाटस https://www.facebook.com/Maya.Tharu )*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# गर्मी बढेसँगै सुरू हुने वन्यजन्तु र मानिसबीचको द्वन्द्व



**प्रकाश रेग्मी**

*नेपालमा धेरै जातिका जंगली जनावर भए पनि केही निश्चित जनावर र मानिसबीचको द्वन्द्वका घटनाहरू बारम्बार समचारहरूमा आउने गरेको पाइन्छ । तिनिहरू हात्ती, गैंडा, बाघ, चितुवा, भालु र बाँदर मुख्य रुपमा रहेका छन् । एक सानो नमूना अध्ययनको लागि चितवन राष्ट्रिय निकुञ्जभित्र रहेका मुख्य जनावर, तिनको संख्या र निकुञ्जले ओगटेको क्षेत्रफलको विवरण टेबलमा उतारिएको छ ।*

यस धर्तीमा रहेका सबै जीवजन्तुहरू प्रकृतिको सुन्दर सिर्जना हुन् । सबैले यस धर्तीमा रहने अधिकार राख्दछन् । सन्तुलित पारिस्थितिक प्रणाली कायम राख्न पनि जीवजन्तुलगायत सबै वनस्पतीहरूको सन्तुलित संरक्षण र सम्बर्द्धन हुनु जरुरी छ । यसका लागि यस धर्तीमा रहेका सबै जीवजन्तुमध्ये मानिस नै सर्वोत्तम् चेतनशील प्राणी हुनुको नाताले उसैले यसको संरक्षण र सम्बर्द्धन गर्नुपर्ने कुरामा दुई मत हुन सक्दैन । यस स्तम्भका लागि मैले विभिन्न अनलाइन पोर्टलहरूमा प्राप्त हुन सक्ने रिपोर्ट, अन्य प्रकाशित लेखहरू र नेपाल सरकारको गृह मन्त्रालयले आफ्नो डिआरआर पोर्टलमा संग्रहित गरी सर्वसाधारणको लागि इन्टर्नेटमार्फत् उपलब्ध गराएको सन् २०१८ देखि सन् २०२४ सम्मको संग्रहित तथ्यांकहरूलाई आधार बनाएको छु । वजन्तुको कुरा गर्दा वन क्षेत्रको र जंगली जानवरको कुरा आउने नै भयो । यस समन्धमा विभिन्न स्रोतका अनुसार फरक-फरक तथ्यांकहरू पाइन्छन् । हालै नासाद्वारा वित्त पोषित अनुसन्धानले सामुदायिक वनको व्यवस्थापन सुधार भएर नेपालको वनको क्षेत्रफल बढी देशको कुल क्षेत्रफलको ४५ प्रतिशत पुगेको भनेको छ । त्यस्तै, नेपालको राष्ट्रिय भू-आवरण अनुगमन प्रणाली सन् २०२२ ले नेपालको कुल भू-क्षेत्रफलको ४६.०८ प्रतिशत ओगटेको जनाएको छ । जबकि, संसारको कुल भू-भागको ३१.१ प्रतिशत भू-भाग वनले ओगटेको मानिन्छ ।

समुद्री सतहदेखि मापन गरिने पृथ्वीको सतहको उचाइमा रहेको विद्यमान अति विविधता हुनाको कारण नेपाल हावापानी, वनस्पति र जैविक विविधतामा अत्यन्त धनी छ । नेपालमा झन्डै १७५ जातका जनावर रहेको मानिन्छ र ती सबै जातका जनावरहरू लगभग १७ हजार भन्दाबढी संख्यामा रहेको अनुमान गरिन्छ । देशको कुल क्षेत्रफल १ लाख ४७ हजार ५१६ वर्ग किलोमिटरको ४६ प्रतिशतले जम्मा ६७ हजार ८५७ वर्ग किलोमिटर वन क्षेत्र हुँदा प्रतिवर्ग किलोमिटर वनको क्षेत्रफलमा २५ जंगली जनावरहरू रहेको देखिन्छ । पृथ्वीमा रहेका सबै जीवजन्तु र वनस्पतिबीच एक प्रकारको अन्तर-सम्बन्ध रहेको हुन्छ भनिन्छ । त्यसैले, सबैको उचित र सन्तुलित संरक्षण र सम्बर्द्धन हुनु जरुरी छ । बितेका केही वर्षदेखि नेपालमा वन्यजन्तु र मानिसबीच द्वन्द्व बढ्दै जाँदा धनको साथै मानिसको मृत्युको संख्यामा उल्लेख्य संख्यामा वृद्धि भएको पाइन्छ । सन् २०१८ देखि २०२४ सम्ममा जम्मा १४५३ घटनाहरू रेकर्ड गरिएका छन् र ती सबै घटनाबाट जम्मा २१२ जना मानव मृत्यु भएका छन् ।

**वन्यजन्तु र मानिसको द्वन्द्वको कारण:** बढ्दो जनसंख्याको वृद्धिसँगै मानिसको वन क्षेत्रभित्र अतिक्रमणको कारण वन्यजन्तु र मानिसको द्वन्द्व कारणहरूमध्ये सबैभन्दा बढी मात्रामा वर्णन गरिन्छ । मानवीय आवश्यकताका साथै उसको चाहनाहरू बढ्दै जाँदा, मानिसले वन क्षेत्रभित्रका स्रोतहरूको अत्यधिक उपयोग गर्ने गरेका कारण मानिस र वन्यजन्तुबीच द्वन्द्व बढेको छ । २. जलवायु परिवर्तन र अन्य कारणले गर्दा वन क्षेत्रभित्र आएको जैविक विविधताको विनासले गर्दा वन्यजन्तुको आहारामा भएको कमीको कारण वन्यजन्तु आफ्नो आहाराको खोजीमा वन क्षेत्रभन्दा बाहिर जाँदा मानिससँग जम्काभेट हुने र द्वन्द्व बढ्ने सम्भावना हुन्छ । ३. नेपालमा हिउँदमा हुने लामो समयको सुख्खाले गर्दा गर्मी बढेलगत्तै हरियालीको मात्रा कम हुने, प्राणी जगतलाई अत्यावश्यक पानीको स्रोत कम हुँदै जाने, आगलागी हुनेजस्ता कारणले गर्दा वन्यजन्तु आफ्नो सुरक्षाको लागि सुरक्षित ठाउँ खोज्दै जाँदा बफर क्षेत्रमा बसोबास गर्ने मानिसबीच जम्काभेट हुने सम्भावनाले द्वन्द्व सिर्जना हुन्छ । ४. नेपालमा मनसुनको समयपछि वनको संघनतामा हुने वृद्धिले बफर क्षेत्रमा टाडासम्म देख्न नसकिने अवस्थाको सिर्जना हुँदा मानिस र जंगली जानवरबीच जम्काभेट हुने सम्भावना हुँदा पनि द्वन्द्व बढ्न सक्छ । नेपालमा धेरै जातिका जंगली जनावर भए पनि केही निश्चित जनावर र मानिसबीचको द्वन्द्वका घटनाहरू बारम्बार समचारहरूमा आउने गरेको पाइन्छ । तिनिहरू हात्ती, गैंडा, बाघ, चितुवा, भालु र बाँदर मुख्य रुपमा रहेका छन् । एक सानो नमूना अध्ययनको लागि चितवन राष्ट्रिय निकुञ्जभित्र रहेका मुख्य जनावर, तिनको संख्या र निकुञ्जले ओगटेको क्षेत्रफलको विवरण टेबलमा उतारिएको छ । नेपालका पूर्वी तराईका जिल्लाहरूमा बढी मात्रामा वर्षेनी हात्ती आतंक हुने गरेको समाचारहरू आउने गर्दछन् । हिउँदका हात्ती गाउँमा प्रवेश गरी हिउँदे बाली नष्ट पार्ने, झुप्रा घरहरू भत्काउने, मान्छेलाई कुल्चेर मार्नेजस्ता आतंक मच्चाउने गर्छन् । जंगलको किनारमा रहेका मदिरा बनाउने गाउँतिर हात्ती प्रवेश गरेको समाचारहरू प्रशस्त आउने गर्दछन् । अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघले निश्चित जनावरको लागि निश्चित क्षेत्रफलको जंगल आवश्यक पर्ने बताएको छ । प्रति हात्तीको लागि कम्तीमा पनि २०० वर्ग किलोमिटर जंगल भूमि आवश्यक पर्नेमा चितवन राष्ट्रिय निकुञ्जमा ४५ देखि ५० ओटा हात्ती जम्मा ९५२ वर्ग किलोमिटरमा रहेका छन् । चितवन र बर्दियाका मध्यवर्ती क्षेत्रहरूमा बाघको आंतक बढी देखिन्छ । मे ९,२०२२ को काठमाडौं पोस्टको समाचारमा लेखिएको छ - विगत ११ महिनाको अवधिमा चितवनमा मात्र १२ जना मनिसको मृत्यु बाघको आक्रमणबाट भएको छ । प्रतिबाघको लागि अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघले ५० वर्ग किलोमिटर वन भूमि हुनुपर्ने कुरा गर्छ । जबकि, चितवन राष्ट्रिय निकुञ्जले जम्मा ९५२ वर्ग किलोमीटर क्षेत्रफलको परिधिभित्र १२८ बाघ पालेर राखेको छ । हाल चितवन राष्ट्रिय निकुञ्जमा जम्मा ६९४ वटा गैंडाहरू रहेको तथ्यांक छ । यस वर्ष प्रारम्भ भएकै दिन अर्थात् २०८१ वैशाख १ गते चितवन राष्ट्रिय निकुञ्जमा पर्यटक घुमाउन गएका नेचर गाइडको गैंडाको आक्रमणबाट मृत्यु भएको थियो । बिहान ११:५० बजे चितवन राष्ट्रिय निकुञ्जको हात्ती प्रजनन केन्द्रदेखि पश्चिम क्षेत्रको मध्यवर्ती वन क्षेत्रमा पर्यटक घुमाउन लगेका गोरखा आरुघाट गाउँपालिका-८ पोखरी घर भई रत्ननगर नगरपालिका-६ सौराहा बस्ने ३२ वर्षीय सुवास रेग्मीलाई गैंडाले आक्रमण गरेको थियो । गैंडाको आक्रमणबाट गम्भीर घाइते रेग्मीको उपचारको क्रममा चितवन मेडिकल कलेजमा दिउँसो १:३९ बजे मृत्यु भएको थियो। यसरी सन् २०२४ को कुल अवधिमा मात्र चितवन जिल्लामा कुल १२ जनामाथि गैंडाले आक्रमण गरेको र त्यसमध्ये ८ जनाको मृत्यु भएको तथ्यांक छ । तथ्यांकले यो पनि पुष्टि गर्दछ कि हामीले आफ्नो क्षमता भन्दाबढी संख्यामा वन्यजन्तुको पालन पोषण गरिरहेका छौं । पछिल्लो समयमा नेपालका पहाडी क्षेत्रहरूमा बाँदरको बिगबिगी बढेको छ । किसानले दु:ख गरेर फलाएका कृषि उत्पादनहरू ठूलो मात्रामा नोक्सान पुऱ्याइरहेका छन् ।

**नेपालमा वन्यजन्तु घटनाहरूको स्थानीय वितरण :** देशको सबै भागमा वन्यजन्तु प्रकोपका घटनाहरूको स्थानीय वितरण समान हिसाबले भएको पाइँदैन् । सन् २०१८ देखि सन् २०२४ सम्म सात वर्षको अवधिमा जम्मा १ हजार ४५३ वन्यजन्तु प्रकोपका घटना रेकर्ड भएका छन् । उक्त रेकर्डलाई नेपालको नक्सामा राखेर हेर्दा पूर्वी तराई, मध्य तराई र पश्चिम तराईका जिल्लाहरू बढी प्रकोपको जोखिममा रहेको देखिन्छ । पहाडी र हिमाली भेगमा घटनाहरू कम देखिन्छ । ताप्लेजुङ, रोल्पा, रुकुम र डोल्पा जिल्लामा यस अवधिमा कुनै पनि घटना घटेको देखिँदैन भने झापा, बर्दिया, चितवन र मोरङजस्ता जिल्लाहरू वन्यजन्तुको अत्यधिक आक्रमणको सिकार भएको देखिन्छ । मानव मृत्युको हिसाबले चितवन जिल्लाले सबैभन्दा बढी सामना गरिरहेको छ । यस अवधिमा चितवन जिल्लाबाट मात्र ४५ जनाको मृत्यु भएकोमा, माडी क्षेत्रबाट १० जना रत्ननगर नगरपालिकाबाट १४ जना र भरतपुर महानगरबाट २० जनाको मृत्यु भएको देखिन्छ । बर्दिया जिल्ला दोस्रो धेरै मानव मृत्यु हुने जिल्ला हो । यस जिल्लाबाट जम्मा ३७ जना र झापा जिल्लामा २६ जनाको वन्यजन्तुको आक्रमणबाट मृत्यु भएको छ । प्रभावित परिवारको हिसाबले सबैभन्दा धेरै प्रभावित परिवार झापा (३४४), बर्दिया (२२७) र चितवन (१६६) रहेका छन्। त्यस्तै, घाइते मानव संख्याको हिसाबले चितवन (११३), बर्दिया (७७) र अछाम (५१) रहेको छ ।

**निष्कर्ष :** जैविक विविधताको हिसाबले धनी देश नेपालमा धरै प्रजातिका जीवजन्तु रहेका छन् । जीव जगतको सबैभन्दा सर्वोच्च स्थानमा मानव जाति भएको नाताले सबै जीब-जीवात्माको समुचित संरक्षण र सम्बर्द्धन गर्नु मानव जातिको जिम्मेवारी हो र भावी पुस्ताको लागि वातावरण संरक्षणको कामहरू पनि देशका निकायहरूबाट हुँदै आएका छन् । संसारको कुल भू-भागको ३१ प्रतिशत वन भूमि रहेकोमा हामीसँग ४६ प्रतिशत वन भूमि हुँदासमेत बेला-बेला विकासका कार्य गर्दा केही रुख काट्नु पर्दा पनि कैयौं आन्दोलन र विकासका काममा ढिलाइ र खर्चमा बढोत्तरी हुने गरेको पाइन्छ। त्यस्तैगरी, जैविक विविधता जोगाउने नाममा आफ्नो क्षमता भन्दाबढी जंगली जनावरहरूको संरक्षण र सम्बर्द्धन गरिरहेका छौं । यसको प्रतिफलको स्वरुप संसारको जैविक विविधता सन्तुलनलाई सहयोग पुगिरहेको छ भने हामी आफूले आफ्ना नातागोता छर छिमेकी गुमाइरहेका छौं । यस्ता कुराहरूमा अब हामीले आफ्नो जिम्मेवारीको अनुपात किटान गरी आफ्नो क्षमतालाई विचार गरेर मात्रै वैदेशिक सहयोग स्वीकृति गर्नुपर्ने हो कि ? अमेरिकाले कुल वन भूमि र वन्यजन्तु संख्याको अनुपात मिलाउन सिकारीहरूलाई लाइसेन्स वितरण गरी ठूलो मात्रामा रोयल्टी संकलन गर्नुको साथै वन्यजन्तुबाट हुने मानवीय क्षतिलाई न्यूनीकरण गर्ने गरेको छ । वन्यजन्तुको जनसंख्या व्यवस्थापन गर्न सन् २०२२ मा मात्र अमेरिकामा ३ लाख ८४ हजार जंगली जनावरहरूलाई मार्न सिकारीहरूलाई अनुमति पत्र प्रदान गरेको तथ्यांकहरू विभिन्न अनलाइन पोर्टलहरूमा पाइन्छन् ।

*-डिसी नेपाल डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : ठूलो कार्य सम्पन्न हुनेछ। कला वा साहित्यको क्षेत्रमा सफलता मिल्ला। | **तुला** : काम बिगार्न चाहनेहरू अगाडि बढ्न सक्छन् । दौडधुप गर्नुपर्ने छ । |
| **वृष** : भाग्यले साथ दिनेछ भने काममा सफलता हात पर्नेछ । | **वृश्चिक** : आफन्त र मित्रवर्गको सहयोगले महत्त्वपूर्ण कार्य सम्पन्न हुनसक्छ । |
| **मिथुन** : समय त्यति राम्रो देखिँदैन । लेनदेनको कार्यमा विशेष ख्याल गर्नुहोला। | **धनु** : यात्रा गर्ने अवसर जुट्न सक्छ । वाणीमा कुशलता आउने योग छ । |
| **कर्कट** : जिम्मेवारी वहन गर्ने समय आएको छ । व्यापारमा सफलता हात लाग्नेछ । | **मकर** : परोपकारजन्य कार्यमा लगाव बढ्ने र धन सञ्चयको अवसर प्राप्त हुनेछ । |
| **सिंह** : इष्टमित्रहरूसँग भेटघाट हुनेछ। दायित्वको पूर्तिको लागि संघर्ष गर्नुपर्ला। | **कुम्भ** : कार्यमा व्यस्त रहन पर्नेछ । अधिकार प्राप्तिका लागि संघर्ष गर्नुपर्ला । |
| **कन्या** : आफ्नो क्षेत्रमा प्रभाव जमाउन सकिनेछ। सामाजिक दायित्वहरू बढ्नेछन्। | **मीन** : इष्टमित्रहरूसँग भेटघाट हुनेछ। दायित्वको पूर्तिको लागि संघर्ष गर्नुपर्ला। |

कला मनोरञ्जन

# सेलिब्रेटीमाथि डिजिटल हिंसा



अभिनेत्री सुरक्षा पन्त अहिले डिजिटल हिंसा (दुर्व्यवहार)मा परेकी छन् । सामाजिक सञ्जालमा उनको विभिन्न टिकाटिप्पणी भइरहेको छ । टिप्पणीमा उनी प्रति घृणा र आवेगका नकारात्मक अभिव्यक्ति देखन सकिन्छ । उनी माथि प्रहार स्वरुप उनको हालै प्रदर्शनमा आएको फिल्म 'खेल' विरुद्ध बहिष्कार अभियान चल्यो । उनले फेसबुकमा प्रतीकात्मक कविता 'समर्पित' लेखेर विरोध जनाएकी छन् । तर, उनीमाथि प्रहार अझै रोकिएको छैन । केही दिन अगाडि एक टेलिभिजन कार्यक्रममा पूर्वनवयुवराज फदयन्ख्र शाहको बिषयमा दिएको अभिब्यक्तिलाई लिएर उनीमाथि फेसबुकदेखि टिकटकसम्म गालीको वर्षा भइरहेको छ । सुरक्षा त जल्दोबल्दो उदाहरण मात्र हुन् । पछिल्लो समय कलाकारहरू साइबर हिंसा ( दुर्व्यवहार)पर्ने क्रम बढ्दो छ । यसअघि पनि थुप्रै कलाकारले यस्तो हिंसा भोगेका छन् । ति मध्य दश सेलिब्रेटीको चर्चा यहाँ गर्न खोजिएको छ । **दीपाश्री निरौला :** केहीअघि एक टेलिभिजन कार्यक्रममा अभिनेता राजेश हमाल 'महानायक' हो र ? भनेर दिएको अभिव्यक्तिका कारण निर्देशक तथा अभिनेत्री दीपाश्री निरौलाले डिजिटल हिंसा भोग्नुपऱ्यो । उनीमाथि सामाजिक सञ्जालमा नकारात्मक टिप्पणीदेखि गालीको वर्षासमेत भयो । यही कारण उनले टेलिभिजन कार्यक्रम 'मुन्खेको कमेडी क्लब'बाट बाहिरिनुसमेतपऱ्यो । उनलाई फिल्म बहिष्कारको धम्कीसमेत आयो । पटक-पटक सामाजिक सञ्जालमा माफी माग्दा पनि उनीमाथिको आक्रमण रोकिएन । मानसिक रूपमा उनलाई ठुलै आघात पऱ्यो । त्यसपछि उनले अन्तर्वार्ता दिन कम गरेकी छन् । **प्रकाश सपुत :** गायक तथा अभिनेता प्रकाश सपुत पनि गत फागुनमा सामाजिक सञ्जालमा हिंसाको सिकार भए । प्रधानमन्त्री केपी शर्मा ओलीको प्रशंसामा उनले खर्चिएका केही शब्दका कारण उनी ट्रोल भए । 'केपी शर्मा ओली : सपना, संघर्ष र संकल्प' पुस्तक लोकर्पणमा कार्यक्रममा उनले प्रधानमन्त्री ओलीको जीवन प्रेरणादायी भएको भन्दै प्रशंसा गरेका थिए । ओलीको प्रशंसा गरेकै कारण उनीमाथि सामाजिक सञ्जालमा गालीगलौजको वर्षा भयो । जातीय विभेद पनि गरियो । उनको निर्माण, निर्देशन र अभिनय रहेको फिल्म 'वसन्त' बहिष्कारको अभियान चल्यो । **पूजा शर्मा :** अभिनेत्री पूजा शर्मा धेरै पटक डिजिटल हिंसामा पर्ने कलाकार हुन् । एक टेलिभिजन अन्तर्वार्तामा नेपालमा ७२ प्रदेश र १४ जिल्ला बताएपछि सामाजिक सञ्जालमा उनी ट्रोल बनेकी थिइन् । अन्तर्वार्तामा नेताहरू नचिनेको र सामान्य ज्ञानको समेत जवाफ दिन नसकेको भन्दै उनीमाथि सामाजिक सञ्जालमा गाली बर्सिएको थियो । अभिनेता पल शाहको समर्थन गर्दा पनि उनीमाथि सामाजिक सञ्जालमा चर्को प्रहार भएको थियो । **सौगात मल्ल :** एक टेलिभिजन कार्यक्रममा नेताहरूको नाम भन्न नसक्दा अभिनेता सौगात मल्लमाथि पनि सामाजिक सञ्जालमा ट्रोल बनाइयो । नेताहरूको विषयमा सामान्य ज्ञानसमेत नराखेको भन्दै उनीमाथि थुप्रै आलोचनात्क प्रहार भएका थिए । कमै अन्तर्वार्ता दिने सौगातले त्यसपछि केही समय अन्तर्वार्ता दिन नै बन्द गरे । **ऋचा शर्मा :** अहिले अभिनेत्री ऋचा शर्मामाथि पनि अभख्र टिप्पणी सुरु भइरहेको छ । विभिन्न व्यक्तिले उनलाई सामाजिक सञ्जालमा म्यासेज पठाउँदै तथानाम गाली गरिरहेका छन् । अभिनेत्री सुरक्षा पन्तको समर्थन गरेकै कारण उनी डिजिटल हिंसाको सिकार भइरहेकी छन् । आँचल शर्मा : 'ट्रोल' बनिरहने अभिनेत्री आँचल शर्मा पनि हुन् । आफ्नै बोलीका कारण उनी थुप्रै पटक समस्यामा पर्दै आएकी छन् । बढी टिकटक चलाउने महिला धेरै क्रियटिभ हुने र सहकर्मी पूजा शर्मालाई अग्रज मानेका कारण उनलाई ट्रोल बनाइएको थियो । उनले एक पुरुष मोडलको 'बडी सेमिङ' गरेको कारण सामाजिक सञ्जालमा गालीको वर्षा पनि खेप्नुपरेको थियो । प्रियंका कार्की : त्यस्तै अभिनेत्री प्रियंका कार्की पनि डिजिटल हिंसाबाट मुक्त भइनन् । 'यूएसचाहिँ धेरैपटक गइरहेको थिएँ, तर अमेरिका भने पहिलोपटक आएको हुँ' भनेर अमेरिकामा दिएको एक अभिव्यक्तिका कारण उनी सामाजिक सञ्जालमा ट्रोल भएकी थिइन् । वर्षा राउत : नेपाल र भारतबिच सीमा विवादका सन्दर्भमा वर्षा राउत ट्रोल भएकी थिइन् । 'मेरो इन्डियन साथीहरूसँग मैले कसरी फेस गर्ने र मेरो इन्डियन साथीहरूले मसँग कसरी फेस गर्ने भइरहेको छ' भन्ने अभिव्यक्ति दिएकै कारण उनलाई सामाजिक सञ्जाल व्यापक प्रहार गरिएको थियो । यो विषयलाई लिएर सामाजिक सञ्जालमा उनीमाथि गाली र नकारात्कम टिप्पणी भएका थिए ।

**खेम सेन्चुरी :** 'द भ्वाइस अफ नेपाल सिजन ६'को 'ब्लाइन्ड अडिसन'मा गायक खेम सेन्चुरी कोचका रूपमा सहभागी थिए । प्रतियोगितामा प्रतियोगी इन्खकला राईले गीत गाइसकेपछि उनले उत्साहित हुँदै खुट्टाले 'बर्जर' थिचेको विषयलाई लिएर उनले सामाजिक सञ्जालमा आलोचित हुनुपऱ्यो । उनीमाथि विभिन्न नकारात्मक टिप्पणी भए । जातीय विभेद पनि गरियो । मानसिक रूपमा उनलाई ठुलै आघात पऱ्यो । **दुर्गेश थापा :** गायक दुर्गेश थापा गीतसंगीतका कारण वेलावेलामा सानोतिनो विवादमा परिहन्थें । तर उनी ठुलो साइबर हिंसामा भने एक टेलिभिजन कार्यक्रममा स्वर सम्राट नारायण गोपालको भनेर भक्तराज आचार्य गीत 'मुटु जलिरहेछ, यो मन गलिरहेछ' गाएपछि परे । उक्त विषयलाई लिएर उनीमाथि गालीको वर्षा भयो । उनी अभिनेता पल शाहको बलात्कार कान्डमा पनि मुछिएका थिए । उक्त समय पनि उनको आलोचना भएको थियो ।

*-रातोपाटी डटकम*


## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा

## तानसेन नगरपालिकाको अनुरोध

-खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
-श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।

पिताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

प्रतिक्षा सिंजाली
उप-प्रमुख

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल


# राजनीतिमा आउने सोच छैन, युवालाई छाड्ने हो



कलाकार हरिवंश आचार्यको पहिचान नै हास्य व्यङ्ग्यात्मक प्रहसन र प्रस्तुति रहँदै आएको छ । तर, २०७९ सालमा प्रदर्शन भएको चलचित्र 'महापुरुष'मार्फत राष्ट्रिय चलचित्र पुरस्कारमा उत्कृष्ट अभिनेता घोषित भएपछि उनले आफूलाई नियमितभन्दा फरक भूमिकाका कला प्रस्तुत गर्दै आइरहेका छन् । आचार्यले चलचित्र 'बलिदान' मै आफूलाई भिन्न रुपमा प्रस्तुत गरेर वाहवाही पाएका थिए । प्रदर्शनरत चलचित्र 'भूठान' मा उनी हाँसो हराएको मान्छेका रुपमा प्रस्तुत भए । कलाकारितामा 'ह्युमर कमेडी'को प्रयोग गर्ने अभिनेता आचार्यले यस चलचित्रमा दुई दृश्यमा मात्र हाँसेको हेर्न पाइन्छ । यसकारण पनि पछिल्लो केही चलचित्रदेखि उनलाई हास्यकलाकार नभई अभिनेता भन्न थालिएको छ । ६७ वर्ष पुगिसक्दा पनि आफ्ना कामलाई गम्भीरतापूर्वक लिएर पात्रलाई जीवन्त बनाएका बहुआयामिक आचार्य विविधता मन पराउँछन् । 'मलाई हाँसो हराएको मान्छे बनेर चलचित्रमा अभिनय गर्ने रहर थियो, त्यो यसपटक पूरा भएको छ । मैले 'महापुरुष'मा पनि आृनो छविभन्दा फरक रुपमा प्रस्तुत हुने कोसिस गरेको थिएँ, तर त्यसमा निर्देशकले मलाई सन्तुलित रुपमा प्रस्तुत गर्नुभयो । यसपटक भने म भिन्न देखिएको छु' अभिनेता आचार्य भन्छन् । प्रस्तुत छ, अभिनेता आचार्यसँग उनको कला यात्रा, चलचित्र निर्देशन र राजनीति प्रवेशको सम्भावना, नेपाली चलचित्रको विदेशी बजारलगायतका विषयमा राष्ट्रिय समाचार समितिले लिएको अन्तर्वार्ताको सम्पादित अंश :

चलचित्र 'भूठानमा' हाँसो हराएको मान्छेको भूमिका गर्न कसरी तयार हुनुभयो ? मकहाँ धेरै चलचित्रहरूको पटकथा आउने गरेको छ । अहिले धेरैमा छोराछोरी विदेश र अभिभावक नेपाल रहेको कथा पाउने गरेको छु । तर, म आफूलाई नयाँ रुपमा प्रस्तुत गरौँ भन्ने सोचका साथ ती कथाहरू पढ्ने र सुन्ने गर्छु । तर, 'सिचुएसनल कमेडी' नभई संवादमा आधारित वा हाउभाउले गर्ने 'कमेडी' भएका कथा आइरहेका थिए । त्यही समयमा मैले 'भूठान' को पटकथा पाएँ । त्यो एकैपटकमा बुझ्न सहज थिएन, तर बुझ्दै गएपछि त्यसमा रहेको विविधताले मलाई आकर्षण गऱ्यो । 'बलिदान' चलचित्रमा अभिनय गर्दा मैले सक्दिन कि भन्ने डर थियो, तर चलचित्र हेरेपछि धेरैले राम्रो गरेको प्रतिक्रिया दिनुभयो । 'महाजात्रा' मा पनि मैले केही फरक गर्ने कोसिस गरेको थिएँ । तर, निर्देशक प्रदीप भट्टराईले त्यसमा 'ह्युमर' हाल्नुभयो । तर 'भूठान' को पात्र नितान्त फरक छ । एकै पटक पढ्दा बुझिँदैन, अनि मैले दुई/तीनपटक पढिसकेपछि मेरो पात्र केही फरक र आफूले सोचेजस्तो पाएँ, त्यसछि कुरा अगाडि बढेको हो । म पटकथा पढेपछि रुने दृश्यमा पनि 'ग्लिसिरिन' को प्रयोग गर्दिनँ । किनकि कथा र पात्र जोडिएपछि त्यसको भावना हामीमार्फत देखिनुपर्छ । चलचित्र 'भूठान' को कथाले मलाई केही आभाष गराइसकेको थियो। चलचित्र छायाङ्कन अगाडि भएको कार्यशालाले मलाई सहयोग गऱ्यो । तर, पनि आफैँलाई मैले निर्वाह गरेको विष्णुबहादुर केसी बन्न नसकिरहेको लागिरहेको थियो । एक दिन निर्देशक विनोद पौडेलले 'दाइ, तपाईं नेपाल जानपाउनु भएन भने के गर्नु हुन्छ ?' भन्नुभयो । म एक्कासी निराश भएँ । किनकि विभिन्न कार्यक्रमका दौरान विदेश धेरै घुमिसकेको छु । म कार्यक्रम सकिनेबित्तिकै नेपाल फर्किन रुचाउने मान्छे । म निराश भएपछि अब यही भाव चलचित्रभर हुनुपर्छ भनेर निर्देशक पौडेलले भन्नुभयो । यसरी नै पात्र तयार भयो । त्यहाँ (अमेरिकामा) रहनुभएका नेपाली मूलका भूटानीसँग भेटघाट गरेर उहाँको कुरा सुनेको छु । हाम्रो संस्कार र सँस्कृतिमा केही फरक छैन, तर उहाँहरू आफ्नो देश फर्कन पाउनुभएको छैन । त्यो दु:खद् हो । युवा काममा व्यस्त भए पनि वृद्ध उमेरका अभिभावकहरू भने खुसी कम हुनुहुन्छ कि जस्तो लाग्यो । म त्यसरी बस्नु परेको भए सायद जीवित रहन सक्दिन थिएँ । मैले त्यो कल्पना पनि गर्न नसक्ने तीतो सत्य हो । म कथामा 'कन्भिन्स' भएपछि निर्देशकलाई समर्पित गर्छु, किनकि चलचित्रको कप्तान नै निर्देशक हुन्छन् । म कार्यशाला गर्दा होस् वा दृश्य छायाङ्कन गर्दा आफ्नो काम दोहोऱ्याउनु पर्दा पनि झर्को नमानी गर्छु । किनकि हामी सबैको प्रयत्न राम्रो काम गर्ने नै हुन्छ । मैले चलचित्रमा चुम्बन गरेको छु, जहाँ शरीर नभई भावनाले एकअर्कालाई स्पर्श गरेको हो । श्रीमान्-श्रीमतीबीच यो स्वाभाविक हो । फेरि हामीले अन्तर्राष्ट्रिय बजारलाई ध्यानमा राखेर चलचित्र निर्माण गरेका हौँ । मैले गरेका केही नयाँ दृश्य कलात्मक छन्, भद्धा लाग्ने छैनन् । म चलचित्र निर्देशक बन्दिन होला । टेलिशृङ्खलामा छोटो समय र समूह हुने भएकाले गरेको हुँ । तर, चलचित्रको सुरुवातदेखि चलचित्र प्रदर्शन भएर चलचित्र भवनमा रहँदासम्म निर्देशकको दायित्व हुन्छ । मेरो उमेरका कारण पनि मैले त्यसरी समय दिन सक्दिनँ । अहिले मलाई विविधता भएको भूमिकाले आकर्षित गर्ने गरेको छ । म आफूलाई अभिनेताकै रुपमा व्यस्त पार्न चाहन्छु । चलचित्र निर्माणमा पनि अहिले योजना बनिसकेको छैन । तर, हाम्रा मित्र किरण केसीले विषयवस्तुसहित अन्य विविध विषयमा प्रयत्न गरिरहनुभएको छ । हामीले नगर्ने भन्ने होइन, तर तत्काल नै योजना बनिसकेको छैन । मैले हालै अर्को चलचित्र 'हरिबहादुरको जुत्ता' मा पनि अभिनय गरेको छु, त्यसलाई छोरा मोहित (मोहितवंश आचार्य) र सरोज ओलीजीले निर्माण गर्नुभएको छ । त्यसको पनि जिम्मेवारी मैले उहाँहरू दुवैलाई नै दिएको छु । किनकि पुस्तान्तरण पनि हुन जुरुरी छ । गत वर्ष नेपाली चलचित्रको बजार बढेको देखियो । 'पूर्णबहादुरको सारङ्गी' को व्यापार इतिहास नै बन्यो, तपाईंले समग्र चलचित्र क्षेत्रलाई कस्तो रुपमा बुझ्नुभएको छ ? हाम्रो चलचित्र हेर्न आउने दर्शक बढ्नु हामी सबैका लागि खुसीको खबर हो । ती दर्शकलाई पुन: चलचित्र भवनसम्म फर्काइरहनु हाम्रो दायित्व हो । तर, चलचित्र निर्माणमा सङ्ख्यात्मक वृद्धिले मात्र हामीलाई दीर्घकालीन रूपमा फाइदा पुग्दैन । हाम्रो घरेलु बजारले धान्न सक्ने र चलचित्र बुझेका निर्माता वा निर्माण समूह बढ्नुपर्छ । कुनै एक चलचित्रको व्यापार हेरेर चलचित्र निर्माणमा हौसिँदा त्यसले सुखद् परिणाम नदिन पनि सक्छ । त्यसकारण चलचित्र बुझेर मात्र निर्माणमा आउन म नवप्रवेशीलाई आग्रह गर्दछु । विदेशमा नेपाली बढेपछि हाम्रो चलचित्र बढी हेरिएको हो । त्यहाँ पुग्नुभएका नेपालीले नै हेर्नुभएको छ । त्यहाँका स्थानीयले नहेरेसम्म बजार कसरी बढ्यो भन्न सकिन्छ ? किनकि यहाँ रहेका नेपाली नै अहिले अस्ट्रेलिया, अमेरिकालगायतका देशमा पुगेका छन् । पहिला यहाँ हेर्थे, अहिले विदेशमा हेर्छन् । स्थानीयले नहेरेसम्म विदेशी बजार बढ्यो भन्न सकिन्न । पछिल्लो समय नेपाली दर्शक बढेका मात्र हुन् । मलाई प्रहसन र नाटक उस्तै लाग्छ । हामीले प्रयोग गर्ने मञ्च नै हो । प्रहसनमा हास्यव्यङ्ग्य हुन्छ भने नाटकमा विविधता हुन्छ । हामीले गत वर्ष 'मह जात्रा' नामक प्रहसन प्रज्ञा प्रतिष्ठान कमलादीमा गरेका थियौँ । त्यही कुनै नाटक घरमा गरेको भए, नाटक हुन सक्थ्यो । त्यसकारण यी दुईमा धेरै भिन्नता लाग्दैन । हामीले प्रत्यक्ष दर्शकसमक्ष आफूलाई मञ्चमा प्रस्तुत गरिरहेका हुन्छौँ । म विविधता रुचाउने भएकाले यही गर्छु भन्ने छैन । तर, आफूलाई आएको प्रस्तावमा 'ह्युमर' भएका चलचित्र गर्छु । 'भूठान' मा काम गरेँ भन्दैमा म त्यस्तै मात्र चलचित्रमा काम गर्न रुचाउछु भन्ने पक्कै होइन । आफूलाई विभिन्न भूमिकामा प्रस्तुत गर्न चाहन्छु । मेरो आउँदो चलचित्र 'हरिबहादुरको जुत्ता' मा मैले हरिबहादुरको भूमिका गरेको छु । यसले पनि मैले भनिरहेको विविधता झल्काउँछ होला । दर्शकले हामीलाई एकसाथ हेर्न इच्छा नराख्नु भएको भए हामीले यत्रो यात्रा पार गर्न गाह्रो हुन्थ्यो । अनि हामीलाई परिवारले सधैँ सहयोग गरेर अगाडि बढ्न मद्दत गऱ्यो, हाम्रो सम्बन्धमा उनीहरू हाबी भएनन् । यसका साथै हामीले गरिरहेको कामले दुवैको नाम दियो, एउटा स्थान बनायो । हामीले एकअर्कासँग कहिल्यै आरिस (इगो) राखेनौँ, सधैँ दर्शकको भावनाअनुरुप प्रस्तुत भइरहयौँ ।तपाईं र अभिनेता मदनकृष्ण श्रेष्ठले फरक-फरक चलचित्रमा अभिनय गरिरहनुभएको छ, यद्यपि दर्शकले एकसाथ हेर्ने इच्छा जाहेर गरेका छन् । तयारी छ केही ? दर्शकलाई जस्तै हामीलाई पनि सँगै काम गर्दा खुसी लाग्छ । त्यहाँ काम नगरेर पारिवारिक माहोलमा रमाएको महसुस हुन्छ । त्यसकारण कथा अनुकूल हुनेबित्तिकै हामीसँगै देखिने नै छौँ । फेरि हामीलाई एकअर्काको सानो भूमिका छ भन्ने पनि लाग्दैन तर त्यो पात्रको अर्थ हुनुपर्छ । हामी मह जोडी छौँ भनेर मात्र दर्शकलाई खुसी बनाउन सकिँदैन । 'चिना हराएको मान्छे' को लोकप्रियतापछि किताब लेखनबारे सोच्नु भएको छ कि ? मैले एउटा पाण्डुलिपि तयार गरेको छु । सम्भवत: तीनदेखि चार महिनामा त्यो किताबका रुपमा आउनेछ । राजनीतिमा आउने तपाईंको चाहना छ ? म बिस्तारै 'रिटायर्ड' हुँदैछु । त्यसकरण राजनीतिमा आउने सोच पनि मैले बनाउनु हुँदैन । हामीले अहिले राजनीतिमा युवा आउनुपर्छ भनिरहेका छौँ, युवालाई नै प्रोत्साहन गर्ने हो । उहाँहरूसँग नयाँ जोस, जाँगर र काम गर्ने शैली हुन्छ । हामीले युवालाई सघाउने र अगाडि बढाउने हो ।

*-अनलाइन खबर डटकम*

# कालीगण्डकी नदीमा महिला मृत फेला



**पाल्पा,** वैशाख १६/जिल्लाको रम्भा गाउँपालिका- ३ राम्दीस्थित कालिगण्डकी नदिको खाँचमा एक महिला मृत अवस्थामा फेला परेकी छन् । बगनासकाली गाउँपालिका- ६ दर्पुककी ३४ वर्षीया गंगा माझी मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुनिल मल्लले जानकारी दिए ।

दर्पुक माइती घर भएकी माझी बगनासकाली - ५ मान बहादुर दर्लामीको घरमा डेरा लिई बस्दै आएकी थिइन् । मृत अवस्थामा स्थानीयले देखेपछि प्रहरीलाई खबरका थिए । खबर लगत्तै प्रहरी चौकी राम्दी र जिल्ला प्रहरी कार्यालयबाट आएको प्रहरी टोलीले प्रारम्भीक अनुसन्धान गरी शव पोष्टमार्टमको लागि जिल्ला अस्पताल पाल्पामा पठाईएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# आज अक्षय तृतीया,यस्तो छ महत्व




**पाल्पा,** वैशाख १६/आज वैशाख शुक्ल तृतीया अर्थात् अक्षय तृतीया । हिन्दू धर्ममा यो तिथिको विशेष महत्व छ । यो हरेक वर्षमा आउने ४ वटा अबुझ मुहूर्तमध्ये एक हो ।

अक्षय तृतीयका दिन गरिएको दान एवं धर्मबाट अक्षय अर्थात् कहिल्यै नाश नहुने फल वा पुण्य प्राप्त हुन्छ । यसकारण यो तिथिलाई धानधर्मका लागि अचुक काल मानिएको छ । यसलाई चिरञ्जीवी तिथि पनि भनिन्छ किनभने यसै दिन ८ चिरञ्जीवीमध्ये एक भगवान् परशुरामको जन्म भएको थियो । यो दिनलाई कुनै पनि शुभ कार्यका शुभ सिद्ध मुहूर्त मानिन्छ । शास्त्रअनुसार वैशाख महिनालाई विष्णुको महिना मानिन्छ र यो महिना विष्णु भक्तिका लागि शुभ हुन्छ । पौराणिक मान्यता अनुसार अक्षय तृतीया तिथिमै परशुरामका साथै नरनारायण तथा हयग्रीव आदि विष्णुको अवतार भएका थिए । त्यसैले यो दिन परशुराम एवं नरनारायण जयन्ती मनाइन्छ । त्रैतायुगाको सुरुवात पनि यसै तिथिमा भएको मानिन्छ । यो दिन महालक्ष्मीको पूजा गर्नु पुण्यदायक एवं महामंगलकारी हुने शास्त्रीय वचन छ । अक्षय तृतीयाका दिन गरिएको दान तथा त्यसको फल कहिल्यै नाश हुँदैन । यो दिन गर्मी मौसमका लागि उपयोगी जौ, गहुँ, चना, सातु, दहीचामल, उखुको रस, दूधका परिकार, सोन, जलभरिएको घडा, पंखा, छाताजुत्ता, वस्त्र आदि कुराको दान गर्नु मंगलकारी हुन्छ । यस दिन पितृको श्राद्ध तथा ब्राह्मण भोजन गराउँदा पनि अनन्त फल मिल्ने जनविश्वास पाइन्छ । ज्योतिष शास्त्रका अनुसार अक्षय तृतीयका दिन सूर्य तथा चन्द्रमा आफ्ना उच्च राशिमा रहन्छन् । यसकारण यो दिन विवाह, नयाँ कारोबारको सुरुवात तथा गृहप्रवेशजस्ता मंगल कार्य गर्नु निकै शुभ मानिन्छ । यो दिन विवाह गर्दा कुनै पनि प्रकारको दोषले बाधा गर्दैन भनिएको छ ।

# प्रतिनिधिसभाबाट भन्सार...

...बैठकमा अर्थ समितिको प्रतिवेदनसहितको भन्सार विधेयकमाथिको सैद्धान्तिक छलफलमा सहभागि हुँदै उनीहरुले विधेयकले भन्सारका जोखिमहरुलाई कम गर्दै व्यापार सहजिकरण गर्ने विश्वास व्यक्त गरे । भन्सार कार्यालयहरुमा एजेन्टहरुलाई भौतिक रुपमै काम गर्ने वातावरण बनाउनसके भन्सार चुहावट कम हुनसक्ने उनीहरुको मत छ । छलफलमा सहभागि हुँदै नेकपा ( माओवादी केन्द्रका सांसद माधव सापकोटाले विधेयकले भन्सारका जोखिमहरुको न्युनिकरण गर्ने र व्यापारको सहजिरण गर्ने आधार प्रदान गरेको भएपनि कार्यान्यनमा चुनौती रहेको बताए । नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले अपेक्षाअनुसार भन्सार कर उठाउनको लागि भन्सार एजेन्टहरुको भौतिक परिचालन आवश्यक रहेको भन्दै सरकारको ध्यानाकर्षण गराए । उनले विश्व व्यापार सङ्गठनको सदस्य भएपछि नेपाल विश्व सामानको बजार बन्न पुगेको उल्लेख गरे । आम जनता पार्टीका सांसद प्रभु शाहले भन्सार विधेयक भन्सार उठाउनको लागि हो कि सीमा क्षेत्रका जनतालाई लुट्नका लागि हो रु भन्दै प्रश्न गरे । उनले भन्सार छलि गर्ने व्यक्तिको व्यक्तिगत सम्पती जफत गर्ने प्रावधान राख्नुको सट्टा सम्पती नै जफत गर्ने नीति उपयुक्त नरहेको उनको भनाइ छ । विधेयकलाई जस्ताको त्यस्तै पास गरिए निजी सम्पती लुट्ने र त्यसले सिमाक्षेत्रको जनतालाई तवाह गर्ने देखिएको सांसद शाहको भनाइ छ ।

## खेलकुद समाचार

# पर्सेललाई १८ महिनाको प्रतिबन्ध



**काठमाडौं, वैशाख १६/** अस्ट्रेलियाका दुई पटकका ग्रान्ड स्लाम विजेता म्याक्स पर्सेललाई डोपिङको आरोपमा १८ महिनाको प्रतिबन्ध लगाइएको छ ।

सन् २०२४ को डिसेम्बरमा अस्थायी रूपमा निलम्बनमा परेका पर्सेलले सन् २०२३ को डिसेम्बर १६ र २० मा ५०० मिलिमिटरभन्दा बढी भिटामिनको इन्फ्युजन प्राप्त गरेको स्वीकारेका अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।

सन् २०२२ मा विम्बल्डन र २०२४ को यूएस ओपनमा प्रमुख उपाधि जितेका २७ वर्षीय पर्सेलले प्रतिबन्धित पदार्थका लागि सकारात्मक परीक्षण भने नगरेका खबरमा उल्लेख छ । अन्तर्राष्ट्रिय टेनिस इन्टिग्रिटी एजेन्सी (आईटीआईए) का अनुसार विश्व एन्टी(डोपिङ कोड र टीएडीपी अन्तर्गत भिटामिनको सीमा १२ घण्टाको अवधिमा १०० मिलिलिटर हो । अब पर्सेलको प्रतिबन्ध सन् २०२६ को जुन ११ मा समाप्त हुनेछ ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक र कारोबार रकम दुवै घटे



**पाल्पा, वैशाख १६/**साताको तेस्रो कारोबार दिन मंगलबार सेयर कारोबार मापक नेप्से परिसूचकसहित कारोबार रकम घटेका छन् । अघिल्लो दिन सोमबार १४ अंक बढीले घटेको नेप्से परिसूचक १५ दशमलव ०८ अंकले घटेर २ हजार ६ सय ३१ दशमलव ९८ विन्दुमा अडिएको छ । सेन्सेटिभ इण्डेक्स ०.४३ प्रतिशतले घटेर ४ सय ४३ दशमलव ५४ विन्दुमा पुगेको छ ।

नेप्से घटेसँगै कारोबार रकम पनि सोमबारको तुलनामा घटेको छ । यसदिन ३ सय ११ स्क्रिप्सको १ करोड ८४ लाख ९१ हजार ९ सय ४१ कित्ता सेयर ७ अर्ब ५७ करोड ५२ लाख ६ हजार २ सय ७८ रुपैयाँमा खरिदबिक्री भए । सोमबार ८ अर्ब रुपैयाँ बढीको कारोबार भएको थियो । नेप्से दोहोरो अंकले घट्दा दुई कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स र नेपाल माइक्रो इन्स्योरेन्सको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । भूगोल इनर्जी डेभलपमेन्टको सेयर ९.०१ प्रतिशतले घट्दा राधी विद्युत कम्पनीको ७ दशमलव ०० प्रतिशतले बढ्दा कर्पोरेट डेभलपमेन्ट बैंकको ६ दशमलव ६३ प्रतिशतले घट्यो । यसदिन मध्य भोटेकोशी जलविद्युतका लगानीकर्ताले भने सर्वाधिक गुमाए । सो कम्पनीको सेयर ९ दशमलव ८८ प्रतिशतले घटयो । ८२ करोड ४३ लाख मूल्य बराबरको सेयर कारोबार गरी सानिमा माइ हाइड्रोपावर शीर्षस्थानमा रहयो । नगदी ग्रुप पावरको ६२ करोड मूल्य बराबरको सेयर कारोबार हुँदा राधी विद्युतको ४६ करोड,एनआरएन इन्फ्रास्टक्टचर एण्ड डेभलपमेन्टको २५ करोड र हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनीको २३ करोड बराबरको सेयर कारोबार भयो । कारोबारमा आएकामध्ये ५७ स्टक्सको मूल्य बढ्दा १ सय ८८ वटाको घट्यो । म्युचुअल फण्डबाहेक अन्य समूहको उपसूचक नकारात्मक देखिएका छन् । फाइनान्स समूहको उपसूचक सर्वाधिक १ दशमलव २२ प्रतिशतले घट्यो ।

# हार्दिक समवेदना



जन्म : २०१४/०४/२८

मृत्यु : २०८२/०१/१०

**स्व.खगिसरा आचार्य**

यस नेपाल निजामती कर्मचारी युनियन पाल्पाका सदस्य श्री रिमा आचार्य ज्यूको ममतामयी माता **खगिसरा आचार्यको** मिति २०८२ वैशाख १० गतेका दिन ६८ वर्षको उमेरमा भएको असामयिक निधनको खबरले हामीलाई मर्माहित बनाएको छ । यस दुःखद् घडीमा दिवंगत आत्मप्रति चिरशान्तीको कामना गर्दै भावपूर्ण श्रद्दाञ्जली अर्पण गर्दछौं साथै शोकसन्तप्त परिवार तथा आफन्तजनहरुप्रति **हार्दिक समवेदना** व्यक्त गर्दछौं ।

सचिव
ओमप्रकाश न्यौपाने

एवं

कार्यवाहक अध्यक्ष
लिलामणी बस्याल

**नेपाल निजामती कर्मचारी युनियन जिल्ला कार्यसमिति, पाल्पा परिवार**

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई